

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर १४ गते बिहीबार ❑ 30 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## सर्वोच्चको फैसला कार्यान्वयन गर्न सहजीकरण समिति

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर



फेवातालको मापदण्डका सन्दर्भमा सर्वोच्च अदालतबाट २०८० साल असार ४ गते भएको फैसलाको कार्यान्वयन गर्न गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको संयोजकत्वमा सहजीकरण समिति गठन गरिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मुख्यमन्त्री पाण्डेको अध्यक्षतामा बुधबार भएको प्रदेश सुरक्षा समितिको बैठकले ११ सदस्यीय समिति गठन गरेको हो। समितिमा पोखरा महानगरपालिकाका प्रमुख, गण्डकी प्रदेशका प्रमुख सचिव, नेपाली सेनाका पश्चिम पृतनापति, गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता, कास्कीका प्रमुख जिल्ला अधिकारी, गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी बल नेपाल नं ४ मुक्तिनाथ वाहिनीका सशस्त्र प्रहरी नायब महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभाग गण्डकी प्रदेश कार्यालयका अनुसन्धान निर्देशक, पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र ताल संरक्षण विकास समितिका कार्यकारी निर्देशक सदस्य रहनुभएको छ । समितिको सदस्यसचिवमा पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापा रहनुभएको छ।

समितिले अन्य कार्यविधि तथा कार्ययोजना तय गर्दै जाने निर्णय गरिएको छ।

## राष्ट्रियसभा निर्वाचन आगामी माघ ११ गते गर्ने सरकारको निर्णय

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

सरकारले राष्ट्रियसभाको रिक्त हुने सदस्य पदका लागि आगामी माघ ११ गते निर्वाचन गर्ने निर्णय गरेको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा बुधबार बिहान बसेको मन्त्रिपरिषद्को बैठकले निर्वाचन आयोगको परामर्शकै आधारमा उक्त दिन निर्वाचन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो । सङ्घीय संसद्को माथिल्लो सदनका रूपमा रहेको राष्ट्रियसभाबाट अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहित एकतिहाई अर्थात् २० सांसद् आगामी फागुन २१ गतेदेखि बाहिरिँदै हुनुहुन्छ। विसं २०७४ मा राष्ट्रियसभा गठनपछि पहिलोपटक दुई, चार र छवर्षे कार्यकालका लागि गोला प्रथाका माध्यमबाट निर्धारण भएका सबै सांसद्को कार्यकाल सकिँदै छ । नेपाली कांग्रेसबाट अनिता देवकोटा, जितेन्द्रनारायण देव, प्रकाश पन्थ र रमेशजङ रायमाझी, नेकपा (एमाले) बाट इन्दु कडरिया, दीपा गुरुङ, दिलकुमारी रावल, कुमार दसौंदी, नरपति लुवार, भैरवसुन्दर श्रेष्ठ र रामचन्द्र राई, (नेकपा माओवादी केन्द्र)बाट बिना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरी, जनता समाजवादी पार्टी (जसपा) बाट प्रमिला कुमारी, नेकपा (एकीकृत समाजवादी) बाट नन्दा चपाइँ र सिडबहादुर विश्वकर्मा, स्वतन्त्र डा खिमलाल देवकोटा तथा र मनोनित डा विमला पौड्यालको कार्यकाल सकिन लागेको हो।

बैठकले जजारकोट केन्द्रबिन्दु भएको भूकम्पबाट प्रभावितलाई अस्थायी आवास निर्माणका लागि सुरक्षा निकायलाई परिचालित गर्ने निर्णय गरेको छ । प्रभावित जिल्लाका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीलाई अस्थायी आवास निर्माणमा खटाउने निर्णय गरेको उहाँको भनाइ छ । जिल्लामा जनशक्ति अभाव भएमा प्रमुख जिल्ला अधिकारीको मागका आधारमा थप जनशक्ति खटाउने निर्णय भएको मन्त्री शर्माले जानकारी दिनुभयो । बैठकले नेपाल इञ्जिनीयरिङसेवातर्फ रिक्त सचिव पदमा श्वेता दवाडीलाई बढुवा गर्ने, सैनिक विशेष अदालतको अध्यक्ष पदमा अदालतको कामकाजसमेत गर्नेगरी उच्च अदालतका न्यायाधीश लेखनाथ पौडेललाई तोक्ने निर्णयसमेत गरेको छ।

## कानुनी सहायतासम्बन्धी सम्मेलन भारतमा सम्पन्न

**रासस**
काठमाडौं, १३ मंसिर

कानुनी सहायता सम्बन्धमा विश्वका करिब ५० देशका प्रतिनिधि र १७ देशका प्रधानन्यायाधीश, कानुनमन्त्री, न्यायाधीश तथा कानुनी सहायता उपलब्ध गराउने संस्थाका प्रतिनिधिको अन्तर्राष्ट्रिय सम्मेलन भारतको दिल्लीमा यही मङ्सिर ११ र १२ गते (नोभेम्बर २७ र २८ गते सम्पन्न भएको छ।

उक्त सम्मेलनमा नेपालका तर्फबाट प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ, सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद फुयालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त सम्मेलनबाट कानुनी सहायतासम्बन्धमा दिल्ली घोषणापत्र जारी गरिएको थियो । सम्मेलनमा प्रधानन्यायाधीश श्रेष्ठ, सर्वोच्च अदालतका न्यायाधीश फुयाल, बारका महासचिव अञ्जिता खनाल, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार लालबहादुर कुँवर, सहरजिष्ट्रार विमल पौडेल पनि सहभागी हुनुभएको थियो । उक्त सम्मेलनमा प्रधानन्यायाधीश श्रेष्ठ र न्यायाधीश फुयालले भारतको सर्वोच्च अदालतका प्रधानन्यायाधीश डा डिवाइ चन्द्रचुडसँग उहाँको निवासमा मङ्गलबार शिष्टाचार भेटवार्ता गर्नुभएको थियो। शिष्टचार भेटमा नेपाल र भारतबीच कानुन तथा न्यायका क्षेत्रमा ज्ञान र सीप आदानप्रदान गर्ने विषयमा छलफल भएको सर्वोच्च अदालतका सहरजिष्ट्रारविमलपौडलले जानकारी दिनुभयो । प्रधानन्यायाधीश श्रेष्ठले भारतका प्रधानन्यायाधीशलाई नेपाल भ्रमणका लागि निमन्त्रणा गर्नुभएको थियो। भारतका प्रधानन्यायाधीशले उक्त निमन्त्रणालाई स्वीकार गर्नुभएको छ । यसैबीच, आज भारतका प्रधानन्यायाधीश चन्द्रचुँडको अनुरोधमा भारतको प्रधानन्यायाधीशसहित संवैधानिक इजलासमा नेपालका प्रधानन्यायाधीश श्रेष्ठ र न्यायाधीश फुयाललाई राखी मुद्दाको सुनुवाइ गरिएको थियो । उक्त मुद्दाको सुनुवाइका क्रममा भारतका वरिष्ठ अधिवक्ता केके भेनु गोपाल र महान्यायाधिवक्ता वेङ्कट रमणीले बहस गर्नुभएको थियो । यसअघि नेपालका पूर्वप्रधानन्यायाधीश रामकुमारप्रसाद साहलाई संवैधानिक बेञ्चमा सहभागी हुने अवसर मिलेको थियो। नेपालका न्यायाधीशहरूमध्ये सर्वोच्च अदालतका न्यायाधीश फुयाललाई पहिलोपटक संवैधानिक इजलासमा सहभागी हुने अवसर मिलेको हो । भेटका क्रममा भारतका प्रधानन्यायाधीश चन्द्रचुँडले नेपालका प्रधानन्यायाधीश श्रेष्ठ र सर्वोच्च अदालतका न्यायाधीश फुयाललाई भारतको सबै न्यायाधीशको पूर्ण बैठकमा परिचय गराउनुभएको थियो । संवैधानिक इजलासमा सहभागी भएलगत्तै न्यायाधीश फुयालले भारतको सर्वोच्च अदालतका कानुन व्यवसायीसँग अन्तर्क्रिया गर्नुभएको थियो । अन्तर्क्रियामा नेपाल भारतबीचमा कानुन र न्यायको क्षेत्रमा सहयोग आदानप्रदान गर्ने विषयमा छलफल भएको थियो । छलफलमा ठूलो सङ्ख्यामा कानुन व्यवसायीको सहभागिता रहेको थियो।

## दुर्घटनामा ३६ जना घाइते

**पोखरापत्र संवाददाता**
दमौली, १३ मंसिर

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ घाँसीकुवामा बुधबार बिहान यात्रुबाहक बस दुर्घटना हुँदा ३६ जना घाइते भएका छन्।

धरानबाट पोखरातर्फ आउँदै गरेको ग १ ख ७८९५ नम्बरको बस आफैँ अनियन्त्रित भई सडकबाट तल खस्दा ३६ जना घाइते भएका जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

दुर्घटनामा घाइते भएकाको दमौली अस्पताल र रत्नहरि अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाणले जानकारी दिनुभयो । उहाँका अनुसार घाइतेमध्ये केहीलाई पोखरा लैजाने तयारी भइरहेको छ।

## टिकटक बन्द गरे/नगरेकाबारे जवाफ दिन निर्देशन

**रासस**
काठमाडौं, १३ मंसिर

नेपाल दूरसञ्चार प्राधिकरणले टिकटक बन्द गरे/नगरेका विषयमा २४ घण्टाभित्र जवाफ दिन इन्टरनेट सेवा प्रदायक कम्पनीलाई निर्देशन दिएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणले एक सार्वजनिक सूचना प्रकाशित गरी २४ घण्टाभित्र टिकटक बन्द गर्ने निर्णय कार्यान्वयन भए/नभएकाबारे जानकारी दिन निर्देशन दिँदै यसअवधिमा जानकारी नदिने सेवा प्रदायकलाई दूरसञ्चार ऐन, २०५३ अनुसार अनुमति पत्र खारेजीलगायतको कारबाही गर्ने चेतावनी दिएको छ।

यसअघि टिकटक बन्द गर्ने सरकारको निर्णय कार्यान्वयन गरी जानकारी गराउन सबै इन्टरनेट तथा मोबाइल सेवा प्रदायकलाई निर्देशन दिए पनि अहिलेसम्म जानकारी नआएकाले २४ घण्टाभित्र जानकारी दिन निर्देशन दिइएको प्राधिकरणका उप-निर्देशक तथा सूचना अधिकारी सूर्यप्रसाद लामिछाने राससलाई जानकारी दिनुभयो । गत कात्तिक २८ गते र मङसिर २ गते सार्वजनिक टिकटक बन्द गराउन सूचना निकालिसकेकाले अबको २४ घण्टाभित्र जवाफ पेस गर्न प्राधिकरणले उक्त सूचनामार्फत निर्देशन दिएको उहाँले बताउनुभयो । गत कात्तिक २७ गतेको मन्त्रिपरिषद्को बैठकले सामाजिक सद्भाव बिग्रिन थालेको भन्दै टिकटकको प्रयोगलाई बन्द गर्ने निर्णय गरेको थियो। उक्त निर्णय लगत्तै प्राधिकरणले टिकटक बन्द गर्न सेवा प्रदायकलाई निर्देशन दिएको थियो । हालसम्म कुनै पनि सेवा प्रदायक कम्पनीले निर्देशन कार्यान्वयन नगरेको भन्दै प्राधिकरणले कारबाही गर्ने चेतावनीसमेत दिएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## केपी ओली कप राष्ट्रिय टि २० क्रिकेटमा कोशी प्रदेशको सान्त्वना जित

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

पोखरामा जारी प्रथम केपी ओली कप राष्ट्रिय टि २० क्रिकेट प्रतियोगितामा कोशी प्रदेशले सान्त्वना जित हासिल गरेको छ।




मदन भण्डारी स्पोर्टस एकेडेमीको आयोजनामा बुधबार पोखरा रंगशालामा सम्पन्न लिग चरणको अन्तिम खेलमा कोशीले आयोजक निलो विरुद्ध ९ विकेटले जित हासिल गरेको हो । खेल जिते पनि कोशी घर फर्किने छ । खेलमा आयोजक निलोले दिएको ६८ रनको लक्ष्यलाई कोशीले १ विकेट गुमाउँदै ७.४ ओभरमा पुरा गर्दै प्राप्त गर्न सफल भयो । टस जितेर फिल्डिङ रोजेको कोशीले आयोजक निलोलाई १७.५ ओभरमा ६७ रनमा रोक्न सफल भयो। ओपनर रोनिम तिवारीलाई फिर्दोश अन्सारीले सून्य रनमा पेभिलियन फर्काए पछि आयोजक निलो दवावमा परेको थियो । अर्का ओपनर अर्जुन रायमाझीले व्यक्तिगत २४ रन जोडे। उनलाई सोनु मण्डलले आउट गरे। मेहुल श्रेष्ठ र अभय यादवले १०-१० रन र शुभम खनालले ९ रन जोड्नु बाहेक चार जना खेलाडी डक आउट हुँदै पेभिलियन तिर फर्किए । आयोजकलाई सस्तैमा समेटन म्यान अफ दि म्याच समेत रहेका सर्वण यादवले ३.५ ओभरको स्पेलमा ८ रन दिएर ३ विकेट हात पारे। कमल खत्री र फिर्दोश अन्सारीले समान २-२ विकेट लिए । जवाफी व्याटिङमा उत्रिएको कोशीका लागि ओपनर सोनु अन्सारीले ३ चौका र ३ छक्का प्रहार गर्दै २२ बलमा ३५ रन बनाए।

तेश्रो क्रममा आएका मिनाश थापाले ७ बलमा १८ रन बनाए भने अर्का ओपनर अंकित सुवेदी १४ रन जोडे। उनी शुभम खनालको बलमा आउट भए । भोली विहिबार पोखरा रंगशालामा दुई सेमीफाइनल खेल सम्पन्न हुनेछन् । पहिलो खेल विभागिय टोली नेपाल आर्मी र बागमती प्रदेश तथा दोश्रो खेल एपिएफ क्लव र मधेश प्रदेशका विच हुनेछ। फाइनल खेल शुक्रबार ११ बजे सुरु हुने जनाइएको छ।

# राष्ट्रिय औद्योगिक व्यापार मेलाको प्रवेश शुल्कको १० रुपैया भूकम्प प्रभावितलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

पोखरा उद्योग वाणिज्य संघको आयोजनामा यही मंसिरको तेश्रो साता पोखरामा हुने राष्ट्रिय औद्योगिक व्यापार मेलाको प्रबेश शुल्कको १० रुपैया भूकम्प प्रभावितहरुको लागि प्रदान गरिने भएको छ।

यही मंसिर २१ देखि पुस १ गतेसम्म पोखराको प्रर्दशनी केन्द्रमा संचालन हुने उक्त मेलामा सहभागि हुने दर्शकको प्रत्येक टिकटको १० रुपैया जाजरकोट भूकम्प प्रभावितहरुको लागि प्रदान गरिने भएको संघका अध्यक्ष पवनकुमार प्रजापतीले बताउनु भयो।

पोखराको घराना लक्ष्मी हाउसको समृद्धि स्टिल्स मेलाको मुख्य प्रायोजक रहेको छ भने पोखरा महानगपालिका र नेपाल पर्यटन बोर्डले मेलाको प्रवर्द्धनमा रहेको संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले बताउनु भयो। उहाँका अनुसार मेलामा देशका विभिन्न प्रतिष्ठिन घराना र उत्पादनहरु जोडिएको र जोडिने क्रम जारी रहेको उहाँले दाबी गर्नु भयो। 'लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन' भन्ने नाराका साथ आयोजना हुने मेला उद्यमशीलता विकासमा समर्पित संघले जनाएको छ। मेलामा गण्डकी प्रदेशका विभिन्न जिल्लामा उत्पादित हस्तकला, बास्तुकला, कृषिजन्य उत्पादनको बिक्री र प्रदर्शनका अलावा, नयाँ औद्योगिक उत्पादनहरु, अटो प्रदर्शनी र मनोरञ्जनात्मक कार्यक्रम पनि समावेश गरिने भएको छ।

उत्पादक र उपभोक्तालाई एउटै मञ्चमा ल्याउनु तथा सुस्ताएको बजार चलायमान बनाउनु मेलाको अर्को उद्धेश्य भएको अध्यक्ष प्रजापतीले बताउनु भयो। मेलालाई सघाउन बस्तुगत संघहरुको प्रतिवद्धता समेत जनाएका छन्। संघका वाणिज्य उपाध्यक्ष उत्तममान बुद्धाचार्यले मेलाको स्टल निर्माण गर्न सुरु भएको जानकारी दिनु भयो। संघका महासचिव बलराम आचार्यले मेला सम्पन्न गर्न गठित विभिन्न उपसमितिहरु सक्रियतापूर्वक आफ्नो काममा लागेको उल्लेख गर्नु भयो। नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीकी महिला उपसमिति संयोजक रामकली खड्काले मेलामा महिलाहरुलाई बढीभन्दा बढी सहभागी गराउनुपर्ने बताउनु भयो। महिलाहरुद्धारा उत्पादित बस्तुहरुको प्रदर्शन र बिक्रीमा ध्यान दिन पोउवा संघसँग उहाँको आग्रह थियो। बैठकमा पोखरा प्लाष्टिक व्यवसायी समितिका अध्यक्ष ऋषिराम शर्मा र सचिव परशुराम तिवारी,पृथ्वी होटल व्यवसायी संघका सचिव कृष्ण पौडेल,नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी समितिका अध्यक्ष कविन्द्रप्रसाद पोखरेल लगायतले उक्त मेला सफल पार्न सहयोग गर्ने बताउनु भयो।


माछापुच्छ्रे हिमाल : पोखरा महानगरपालिका-१४ बाट बुधबार बिहान देखिएको माछापुच्छ्रे हिमालको दृश्य। तस्बिरः राधिका कँडेल /रासस

# इन्टरपोलको 'भिडियो' प्रतियोगितामा नेपाल सर्वोत्कृष्ट

**रासस**
काठमाडौं, १३ मंसिर

अन्तर्राष्ट्रिय प्रहरी सङ्गठन (इन्टरपोल)द्वारा आयोजित इन्टरपोल १०० ग्लोबल भिडियो कन्टेष्ट फर योङ पुलिस लिडर्स प्रतियोगितामा नेपाल सर्वोत्कृष्ट भएको छ।

यही मङ्सिर १२ देखि अष्ट्रियाको भियनामा आयोजना भइरहेको इन्टरपोलको ९१औं महासभाको पहिलो दिन उक्त प्रतियोगितामा सहभागी इन्टरपोलका एक सय ९५ सदस्य राष्ट्रमध्ये नेपाल सर्वोत्कृष्ट घोषित भएको हो।

नेपालको प्रतिनिधित्व गर्दै नेपाल प्रहरीका प्रहरी निरीक्षक नारायण थापा र प्रहरी निरीक्षक उमेश गुरुङ श्रेष्ठद्वारा निर्माण गरिएको 'लेट्स सेभ द प्लानेट-इन्टरपोल १००' विषयक सूचनामूलक छोटो भिडियो सर्वोत्कृष्ट घोषणा भएको हो। भिडियोमा जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, आर्टिफिसियल इन्टेलिजेन्सका कारण भविष्यमा हुनसक्ने समस्या समाधान गर्न र दिगो विकासको लक्ष्य प्राप्त गर्न संयुक्त राष्ट्रसङ्घको मुख्य साझेदारको रूपमा रहेको इन्टरपोलको अहम् भूमिका हुने विषय समेटिएको छ।

इन्टरपोल प्रेसिडेन्ट मेजर जेनेरल डा अहमेद नासेर रैसीबाट नेपाल प्रहरीलाई सम्मानस्वरूप प्रमाणपत्र प्राप्त भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। इन्टरपोल स्थापनाको एक सय वर्षलाई विशेष उत्सवका रूपमा मनाउन इन्टरपोल इनोभेसन सेन्टरद्वारा 'कानुन कार्यान्वयन तथा सुरक्षा सुनिश्चित गर्न इन्टरपोलको उपयोगिता' विषयमा आधारित रही उक्त भिडियो प्रतियोगितामा सहभागी हुन सम्पूर्ण एक सय ९५ सदस्य राष्ट्रलाई आह्वान गरिएको थियो। महासभामा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरसहितको नेपाली प्रतिनिधिमण्डल सहभागी छ।

# २२ गतेदेखि आठौं पर्वतीय महोत्वस, यसवर्ष ५ दिन मनाइने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

नेपाल पर्वतारोहण संघले बर्सेनि गर्दै आइरहेको पर्वतीय महोत्सव यस वर्ष ५ दिन हुने भएको छ।

आठौं संस्करणको उक्त महोत्सव मंसिर २२ गतेदेखि २६ गतेसम्म पोखरास्थित अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय, रातोपैह्रोमा हुने भएको हो। यसअघि महोत्सव ३ दिन मनाइँदै आइएको थियो।

संयुक्त राष्ट्रसंघले डिसेम्बर ११ लाई अन्तर्राष्ट्रिय पर्वतीय दिवस मनाउँदै आएको छ। सोही दिन पारेर नेपाल पर्वतारोहण संघले ८ वर्षदेखि निरन्तर पर्वतीय महोत्सव गर्दै आएको हो। आठौं संस्करणमा ५ दिनसम्म विभिन्न कार्यक्रम गरी महोत्सव गर्न लागेको महोत्सवका निर्देशक जिनेश सिन्दुल्करले जानकारी दिए।

यसवर्षको महोत्सवमा बर्डस कन्जरभेसनसँगको सहकार्यमा 'मिसअन्डरस्टुड बर्डस' नामक नाटक प्रर्दशन मुख्य आकर्षणको रुपमा रहनेछ। आयोजक नेपाल पर्वतारोहण संघका महासचिव मोहन लम्सालका अनुसार उक्त नाटक ललितपुरको परोपकारी विद्यालय चिल्ड्रेन एन्ड युथ फर्स्टका विद्यार्थीले मञ्चन गर्नेछन्।

'विद्यार्थीहरुले स्टेजमा गिद्धहरुको भेषमा मास्क लगाई गिद्धको महत्वबारे साथसाथै नेपालका चरा तथा जैविक विविधतासम्बन्धी ज्ञान जनसाधारणमा पुऱ्याउनेछ,' लम्सालले भने, 'यो कार्यक्रमको संरक्षणबारे जानकारी दिने विश्वास लिएका छौं।'

त्यस्तै, महोत्सवमा पाँचै दिन पर्वतारोहण र पर्वतीय जीवनबारे ६ वटा वृत्तचित्र प्रदर्शन गरिने भएको छ। महोत्सवमा पासाङ, माउन्टेन म्यान, सोफी लाभाड, द सेकेन्ड समिट, अई-डेला हट्स भ्यालिस र एभरेस्ट म्यान वृतचित्र मञ्चन हुनेछन्।

महोत्सवमा पर्वतारोहणसम्बन्धी विभिन्न विधामा कीर्तिमान बनाएका पर्वतारोहीको फोटो प्रदर्शनीसमेत गरिने महोत्सवकी सदस्य सचिव निर्मला न्यौपानेले जानकारी दिइन्। प्रतियोगितामा यो वर्ष 'टग अफ वार' पहिलो पटक समावेश गरिएको छ। 'यसबाहेक छेलो प्रतियोगिता, जिपलाइन, दोहोरी गीत पनि समावेश गरिएको छ,' उनले भनिन्।

# पाँचौ युनिप्स खेल अन्तर्गत फुटबल, कवड्डी, खोखोका खेल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

पोखरामा जारी पाँचौ युनिप्स खेल महोत्सव अन्तर्गत बुधबार फुटबल, कबड्डी, खोखोका खेल सुरु भएका छन्।

संस्थागत एवं निजी विद्यालयहरुको छाता संस्था युनिप्स नेपालको आयोजनामा तेश्रो दिन छात्र मावीतर्फ फुटबल, छात्रा मावीतह खोखो र आधार भुत तह कक्षा १-५ अन्तर्गत छात्र/छात्रा कबड्डीका खेलहरु सुरु भएका हुन्। प्रतियोगितामा मावी छात्रतर्फ भएको फुटबलमा वेलनन एकेडेमी, स्माइल स्मल हेभन बोर्डिङ स्कुल, होली एन्जल र एकता अन्तिम चारमा प्रवेश गरेका छन्। प्रतियोगितामा फुटबलतर्फ १० टिमको सहभागिता रहेको थियो। वेलननले शिलसिला लाई ६-० र पिनाकललाई टाइव्रेकरमा ३-१ गोलले पराजित गर्दै सेमीफाइनल यात्रा शुरक्षित गरेको हो। त्यस्तै एकताले टाइव्रेकरमा कालिकालाई ४-३ र होली एन्जलले माउन्ट हेभनलाई ६-० ले र गेफलाई ३-१ गोलले पराजित गरि सेमीफाइनलमा प्रवेश गरेको छ। फुटबलको सेमीफाइनल खेल भोली सञ्चालन हुने आयोजकले जनाएको छ। त्यस्तै मावी छात्रतर्फ भएको खोखो प्रतियोगितामा कालिका इङलिश सेकेण्डरी प्रथम, एकता दोश्रो, वेलनन तेश्रो र शिलसिला चौथो भएको छ। कालिकाले फाइनलमा एकतालाई १३-७ अंकले पराजित गर्न सफल भएको हो। आधारभुत तह (कक्षा १-५) छात्र/छात्रा कवड्डी अन्तर्गत आज पहिलो चरणका खेलहरु सम्पन्न भएको पाँचौ युनिप्स खेलकुद महोत्सव उपसमितिका संयोजक विनोद कुमार नेपालीले जानकारी दिएका छन्। कबड्डी छात्रतर्फ ६ र छात्रा तर्फ ५ गरि कुल १२ खेलहरु सम्पन्न भएका छन्। कवड्डीतर्फ कुल २४ टिमको सहभागिता रहेको छ।



खेल महोत्सव अन्तर्गत बिहिबार मावी स्तरिय (कक्षा ९-१०) छात्र फुटबलको सेमीफाइनलका खेल र आधारभुत तह (कक्षा १-५) छात्र/छात्रा कवड्डीका खेलहरु जारी रहने युनिप्सका अध्यक्ष शान्त बहादुर गुरुङले जानकारी दिएका छन्। महोत्सवको औपचारिक उद्धाटन भोली १४ गते बिहिबार पोखरा रंगशालामा हुनेछ। जस अन्तर्गत एथलेटिक्सका खेल संगै मार्चपास समेत हुने अध्यक्ष गुरुङले बताए। प्रतियोगितामा युनिप्समा आवद्ध रहेका १८ विद्यालयका ४ हजार भन्दा बढि खेलाडीहरुले सहभागिता जनाएका छन्। सहभागि विभिन्न खेलका ६ सय खेलाडीहरुलाई पुरस्कृत गरिने भएको युनिप्स सचिवालयका संयोजक शिव सुवेदीले जानकारी दिए। प्रतियोगिता सम्पन्न गर्न करिव १२ लाख खर्च हुने आयोजकले जनाएको छ।

# पाचौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

कास्की माछापुच्छ्रे गाउँपालिकाको आयोजन साथै शिक्षा,युवा तथा खेलकुद शाखाको संयोजनमा यहि मंसिर १४ गते देखि १६ गते सम्म माछापुच्छ्रे गाउँपालिका अन्तर्गतका ११ वटा माध्यामिक विद्मालयहरु विच हने पाचौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको सम्पुर्ण तयारी पुरा भएको छ।

पालिका भित्रका विद्मालयस्तरवाट नै खेलाडी उत्पादन गर्ने र सम्भावित प्रतिभालाई राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तर सम्म उजागर गर्ने उदेशयले प्रतियोगिता आयोजन गरिएको शिक्षा शाखा प्रमुख एवं खेल व्यवस्थापन संयोजक सम्झना पोखरेलले जानकारी दिनु भयो। सम्पुर्ण विधामा प्रथम हुने विद्मालयले नगद रु १५ हजार , द्धितिय हने विद्मालयले नगद रु १० हजार र तृतिय हुने विद्मालयले नगद रु ७ हजार साथमा ट्रफि मेडल र प्रमाणपत्र पाप्त गर्ने छन्। प्रतियोगितामा सहभागी ११ वटा विद्मालय बाट ३८३ विद्मार्थीको खेलमा प्रत्यक्ष सहभागिता रहने छ। प्रतियोगिता सञ्चालन अवधिका लागि सहभागी विद्मार्थीहरुको विमा गरिएको पालिकाले जानकारी दिएको छ। खेल माछापुच्छ्रे गाउँपालिका -४,लाहाचोकामा रहेको महेन्द्र माध्यामिक विद्मालयको खेल मैदानमा सञ्चालन हुनेछ जसमा छात्र छात्रा भलिवल ,कवडडी,शटपुट दौड,लगंजम्प, हाइजम्प,त्रिपलजम्म साथै ज्याभलिङ थ्रो लगायतका खेलहरु सञ्चालन हुने छन्।


चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा महेन्द्र माध्यमिक विद्मालयले ११ स्वर्ण ५ रजत र ३ कास्य पाप्त गरि प्रथम , माछापुच्छ्रे मा.वि ले ४ स्वर्ण ३ रजत र ३ कास्या पाप्त गरि दोस्रो र ४ स्वर्ण २ रजत २ कास्याका साथ उदय मा.विले तेस्रो स्थानमा चित्त वुझाएको थियो।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।


**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# भूकम्प पीडितप्रति असंवेदनशील सरकार

चिसोबाट १५ जना भूकम्पपीडितको ज्यान गएको छ । जाजरकोटको नलगाड नगरपालिका- ८ सिमकी २५ वर्षीया सुत्केरी शर्मिला विक चदाराको शनिबार र रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- १ जंगलगाउँकी ६२ वर्षीया नन्दकली पुनको आइतबार मृत्यु भएको हो । चिसोले ज्यान गुमाउने पीडितको संख्या १५ पुगेको समाचार सार्वजनिक हुँदा सरकार भूकम्प पीडितप्रति कति संवेदनहिन भएको छ भन्ने पुष्टि हो । नलगाड नगरपालिकाको न्यायिक समिति सदस्य हरिबहादुर शाहीका अनुसार ८ कात्तिकमा प्रादेशिक अस्पताल सुर्खेतमा सुत्केरी भएकी शर्मिला डिस्चार्ज भएर शुक्रबार घर फर्किएकी थिइन् । पालमुनि बसेकी उनको शनिबार मध्यराति मृत्यु भएको हो। 'शर्मिलालाई सुत्केरी भएको एक महिनासम्म प्रदेश अस्पतालमै राखिएको थियो । अस्पतालले डिस्चार्ज गरेपछि एम्बुलेन्समार्फत घर पुऱ्याए पनि पालमुनि चिसोमा सुत्नुपऱ्यो, राति १ बजेतिर मृत्यु भयो,। दिनहुँ जसो यस्ता समाचार प्रकाशित/ प्रशारित हुँदा राज्यको ध्यान नजानु विडम्वना हो ।

सरकारले भूकम्प पीडितलाई अस्थायी आवासको व्यवस्था मिलाउन नसक्दाको कारण चिसोले ज्यान गएको दुखद घटनाबाट पाठ नसिकी अस्थायी आवासको रकम पनि नपाउनु गैर जिम्मेवारीको हद हो।सरकारले अस्थायी आवासको लागि अनुदान दिने निर्णय कार्यान्वयन हुन सकेको छैन । रुकुममा केही अनुदान पुगेपनि जाजरकोटमा अस्थायी आवासका अझै अनुदान निकासाको प्रक्रिया सुरु भएको छैन । सरकारले जाजरकोटमा अस्थायी आवासका लागि पहिलो चरणमा ५० करोड निकासा गरे पनि लाभग्राहीको तथ्यांक संकलनमा ढिलाइ हुँदा पालिकामा रकम निकासा नभएको हो । सहायक प्रमुख जिल्ला अधिकारी हरिश्चन्द्र शर्माका अनुसार पालिकाबाट लाभग्राही कायम भएर आउन समय लागेकाले पहिलो किस्ता वितरण सुरु हुन नसकेको स्वीकारेका छन ।

जाजरकोटमा कुल ३४ हजार चार सय ९८ घरमा क्षति पुगेको प्रारम्भिक विवरण छ । जसमा नौ हजार सात सय ९४ घरमा पूर्ण र २४ हजार सात सय सात घरमा आंशिक क्षति पुगेको छ । नेपाली काङ्ग्रेस पार्टीको पदाधिकारी तथा पूर्वपदाधिकारीहरुको बैठकले अस्थायी आवास निर्माण गर्न सरकारले तत्काल दिने भनिएको अनुदान रकम एकै किस्तामा दिने व्यवस्था गर्न आग्रह गरेको छ । जाजरकोट भूकम्पबाट पीडितलाई सरकारले अस्थायी आवासका लागि तत्काल प्रतिपरिवार ५० हजार रुपैयाँ दिने निर्णय गरेको थियो । तर त्यो रकम अहिलेसम्म पनि पीडितको हातमा पुगेको छैन । पीडितहरू चिसो भुइँमा त्रिपालमुनि रात कटाउन बाध्य छन् । सरकारले घोषणा गरेको अनुदान दुई किस्तामा वितरण गर्ने निर्णण गरेको थियो । तर अस्थायी आवासका लागि दिन लागिएको सानो रकमसमेत दुई किस्तामा वितरण गर्दा पीडितहरुलाई सुविधाभन्दा सास्ती हुने भन्दै कांग्रेसले त्यसलाई एकै किस्तामा उपलब्ध गराउन आग्रह गरेको छ।

'सरकारले रकम दिने घोषणा गरेको छ । तर यो चिसोमा अस्थायी आवासका लागि दिएको त्यो रकमसमेत पीडितको हातमा पुगेको छैन।सरकारले काम नगरी प्रचार गरेको कारण बाध्य भएर 'त्यो रकमलाई एकै किस्तामा छिटोभन्दा छिटो पीडितहरूको हातमा पुऱ्याउन मन्त्रीजीहरूमार्फत सरकारलाई आग्रह गरेको छ । काङ्ग्रेसले भूकम्पपीडित सुत्केरी महिला र बालबालिकाको मृत्यु भइरहेकोप्रति सरकारलाई गम्भीर हुन ध्यानाकर्षण गराएको छ।सरकारको काम गर्ने शैली र पीडितप्रति संवेदनशील हुन नसकेकै कारण व्यवस्थाको विरोधमा जनता सडकमा आउने वातावरण बनेको छ।प्रधानमन्त्री र मन्त्री भन्दा जनताको पीडा पहिलो हो भन्ने सन्देश दलबाटै दिनु जरुरी छ ।

# पञ्चकोटमा ब्रह्माण्डीय महायज्ञको तयारी

**वासुदेव पौडेल**
गण्डकी, १३ मंसिर/ रासस

बागलुङको सर्वसिद्धीधाम पञ्चकोटमा आयोजित 'अनन्तश्री ब्रह्माण्डीय महायज्ञ' को तयारी थालिएको छ । पवित्र मुक्तिक्षेत्र, शालग्रामबाहिनी कृष्णगण्डकी तट र अन्नपूर्ण, धौलागिरि हिमशृङ्खलाको काखमा अवस्थित प्रसिद्ध पञ्चकोट धाममा मुक्तिनाथ पीठाधीश्वसर स्वामी कमलनयनाचार्यको सङ्कल्पमा आगामी फागुन ९ देखि २२ गतेसम्म सो महायज्ञ गर्न लागिएको हो ।

पञ्चकोट धाम स्थापनाको १० औँ वार्षिकोत्सव पारेर आयोजना गर्न लागिएको यस महायज्ञबाट वैदिक परम्पराको प्रवर्द्धन, आध्यात्मिक चेतनाको अभिवृद्धि, सनातन संस्कृतिको संरक्षणका साथै नेपालको धार्मिक पर्यटन विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

यस महायज्ञका परिकल्पनाकार एवं पञ्चकोटधामका संस्थापक स्वामी कमलनयनाचार्यले प्रसिद्ध मुक्तिक्षेत्र र शालग्रामको महिमालाई विश्वस्तरमा पुर्याउन, गोवंशको संरक्षणार्थ वैदिक सनातन हिन्दू समाजलाई प्रेरित गर्न, नेपालको जलसम्पदाको संरक्षण गर्न र वैदिक सनातन हिन्दू धर्मको रक्षा गरी नैतिक, समुन्नत र सच्चरित्रवान् नेपाली समाजको पुनर्जागरण गर्न नेपालमै पहिलोपटक ब्रह्माण्डीय महायज्ञको आयोजना गरिएको जानकारी दिनुभयो । यसका साथै यो महायज्ञको अर्को प्रमुख उद्देश्य जलसम्पदा संरक्षणको सन्देश विश्वव्यापीरुपमा दिनका लागि जल संरक्षणको प्रतिकस्वरुप पञ्चकोटमा निर्माणाधीन विश्वशान्ति गण्डकी कलशको निर्माणलाई पूर्णता दिने र यस यज्ञबाट बाँकी रहेको रकम पञ्चकोटको सर्वाङ्गीण विकासमा प्रयोग गरिने रहेको उहाँले बताउनुभयो । स्वामी कमलनयनाचार्यले भन्नुभयो, "विभिन्न तत्वबाट एक ब्रह्माण्डको निर्माण हुन्छ र ईश्वरको सङ्कल्पले मात्र पृथ्वीजस्ता अनन्तकोटी ब्रह्माण्डको सृष्टि हुन्छ । त्यसैले हरेक तत्वका अधिष्ठाता यस ब्रह्माण्डका सबै देवीदेवतालाई कलशमा आह्वान



गरी पूजन र यजन गरिने भएकाले यो अनन्तश्री ब्रह्माण्डीय महायज्ञ हो । यस्तो महायज्ञ विश्वकै ठूलो र पहिलोपटक हुँदैछ । यस यज्ञको अनुष्ठान गरी प्रत्यक्ष सहभागी हुनेहरुको मनको सङ्कल्प पूरा हुने भएकाले सहभागी हुन म सबैलाई आह्वान गर्दछु ।" महायज्ञ आयोजनाबाट सङ्कलन भएको रकमबाट पञ्चकोटमा विश्वशान्ति कलश निर्माणसँगै यस पञ्चकोट धाममा निर्माण थालिएका धार्मिक संरचना पूरा गरिनेछ । अहिले थुप्रै योजना पूरा हुन नसक्दा अलपत्र अवस्थामा रहेका र तिनको पूर्णताका लागि लाखौँ भक्तजनलाई महायज्ञमा आमन्त्रण गरी आवश्यक सहयोगका लागि आह्वान पनि गरिएको छ । त्यसैले नेपालको इतिहासमा नै पहिलो पटक आयोजना गरिएको यस ब्रह्माण्डीय महायज्ञको तयारीलाई व्यापकता दिइएको सर्वसिद्धिधाम पञ्चकोट विकास परिषद्का अध्यक्ष दामोदर शास्त्री दाहालले जानकारी दिनुभयो । पन्ध्र दिनसम्म सञ्चालन हुने महायज्ञको रुपरेखा तयारी गरी यसमा सहभागी हुने र सहयोग गर्ने भक्तहरुलाई जानकारी दिन थालिएको छ । यस अवधिमा हरेक दिन फरकफरक विधाका व्यक्ति उपस्थित भई विभिन्न शीर्षकमा गण्डकी क्षेत्रस्तरीय र राष्ट्रिय बहस पनि गरिनेछ । त्यसका लागि विषय विज्ञहरुको सहभागिता सुनिश्चित गरिएको छ । यस धाञ्याञ्चल महायज्ञमा २५ फिटको मौलो बनाई विधिपूर्वक पूजन गरी प्रतिस्थापन गरिने र त्यसलाई धानले पुर्ने कार्यक्रम छ । यसका लागि करिब २१ हजार पाँच सय ५५ क्विन्टल धान लाग्ने अनुमान रहेकाले धान सङ्कलन अभियानलाई पनि तीव्रता दिइएको छ । धानका अतिरिक्त यहाँ तिल, जौ, गहुँ, मकै, चनालगायतका विभिन्न नौ प्रकारका अन्नको पनि पर्वत बनाइने छ ।

महायज्ञमा सवा लाखा नरिवल हवन हुनेछ । यज्ञमा हरेक सहभागीले आफैँले सुख्खा नरिवल लिएर जानेछन् र सो नरिवलमा काजु, किसमिस, केशर, बदामसहितका सर्वौषधि र पञ्चगब्य गरी ५४ प्रकारका हवनीय द्रव्य राखिदिने व्यवस्था मिलाइएको छ । सो नरिवललाई कालीगण्डकीको जलले धोएर यी द्रव्य भर्ने व्यवस्था महायज्ञ आयोजक समितिले मिलाएको छ । यस्तो नरिवल हवन गर्दा मनोकाङ्क्षा पूरा हुने विश्वास गरिन्छ ।

"महायज्ञ सञ्चालनको तयारीमा जुटेका छौँ, श्री मुक्तिनाथ बाबा स्वामी कमलनयनाचार्य ज्यूको सक्रियतामा यो महायज्ञ आयोजना गरिएको हो, यहाँ धेरै संरचना बनाउने योजना छ, खासगरी विश्वशान्ति कलश निर्माण गर्ने प्रमुख लक्ष्य छ", अध्यक्ष दाहालले भन्नुभयो, "अहिले सर्वसिद्धिधाम पञ्चकोट विकास परिषद्बाट प्रचारप्रसारलाई तीव्रता दिएका छौँ ।" हरेक दिन १५ हजारले महायज्ञको दर्शन गर्ने र यहाँ कम्तीमा पनि तीन लाख भक्तजन सहभागी हुने अनुमान गरिएको छ । यहाँ आउने भक्तजनको भोजन, प्रसाद र आवासको यथाशक्य प्रबन्धका लागि सबै सामाजिक सङ्घसंस्था तथा व्यक्तिलाई परिषद्ले आग्रह पनि गरिरहेको छ ।

हालसम्म पञ्चकोटमा रु ५० करोड लगानी भइसकेको सर्वसिद्धिधाम पञ्चकोट विकास परिषद्का निवर्तमान अध्यक्ष स्वामी ऋषि प्रपन्नाचार्यले बताउनुभयो । विसं २०७२ मा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले शिलान्यास गर्ने बेला पञ्चकोटमा कुनै पनि संरचना नभएको तर अहिले धार्मिक पर्यटक निम्त्याउने आधारशिला तयार भएको उहाँ बताउनुहुन्छ । पछिल्लो समय धर्ममा आस्था राख्ने धेरै नागरिकले पञ्चकोट दर्शन गर्न आउने गरेको ऋषि प्रपन्नाचार्यले बताउनुभयो । कलश निर्माणका लागि करिब रु ५० करोड लाग्ने अनुमान गरिएको छ । ऋषि प्रपन्नाचार्य भन्नुहुन्छ, "पञ्चकोट पवित्र स्थान हो । यसको संरक्षण, प्रवर्द्धन गर्ने दायित्व पनि हामी सबैको हो । हामी सबैको सत्सङ्कल्पबाट यहाँ एउटा आधारशिला तयार भएको छ, यसलाई पूर्णता दिनका लागि बर्सेनि महायज्ञ लगाएर र दाताबाट रकम सङ्कलन गरेर काम गर्दै आइएको छ । यसपालिको महायज्ञ अहिलेसम्मकै विशाल हो र यसले समग्र पञ्चकोट क्षेत्रको विकासका लागि हरेक नागरिकको मनलाई जोड्नेछ। साथै यसबाट धार्मिक पर्यटन पर्द्धनमा पनि ठूलो टेवा पुग्नेछ ।"

विसं २०७१ अगाडि पञ्चकोटमा भिर, पहरा थियो । यहाँ पर्यटक भित्र्याउन धार्मिक संरचना बनाउने योजना बनाउँदा कसैले पनि विश्वास गर्दैनथे । स्वामी कमलानयनाचार्यको परिकल्पनामा बनेको पञ्चकोटमा अहिले थुप्रै धार्मिक संरचना बनेका छन् र गण्डकी प्रदेशकै एक उत्कृष्ट धार्मिक पर्यटकीय क्षेत्र बन्न सकेको छ । यहाँ बर्सेनि हजारौँ आन्तरिक तथा बाह्य पर्यटक भित्रिने पनि गरेका छन् ।

उक्त स्थानमा सिसमहल, गण्डकीमाताको मन्दिर, यज्ञशाला, हनुमानको विशाल मूर्तिलगायतका संरचना बनिसकेका छन् । बागलुङ नगरपालिका-६ मा पर्ने पञ्चकोट बागलुङ बजारदेखि छ किलोमिटर उत्तरमा छ । सडकको सहज पहुँचका कारण बागलुङ कालिका दर्शन गर्न आउने तीर्थालुमध्ये अधिकांश यहाँ आउने गरेको पाइन्छ । त्यस्तै मुक्तिनाथ जाने धार्मिक पर्यटक पनि सकेसम्म पञ्चकोट पुग्ने गरेको पाइन्छ ।

# तेस्रो जैमिनी महोत्सव हुँदै

**रासस**
बागलुङ, १३ मंसिर

सहारा राहत कोष स्थापनाका लागि आगामी माघेसङ्क्रान्तिका अवसरमा तेस्रो जैमिनी महोत्सव हुने भएको छ । सहारा युवा क्बलले आगमी पुस २९ गतेदेखि माघ ५ गतेसम्म तेस्रो जैमिनी महोत्सव गर्न लागेको जानकारी दिएको हो ।

विसं २०७० देखि क्लबको अगुवाइमा मेला तथा महोत्सव हुँदै आएको छ । जैमिनी नगरपालिकाको सहयोगमा मेला आयोजना गरिएको क्लबका अध्यक्ष सुरेश सुनारले जानकारी दिनुभयो । यो तेस्रो जैमिनी मेला हो ।

मेला आयोजना गर्न जैमिनी नगरपालिकाले रु २० लाख सहयोग गरेको छ । रु ४६ लाख आम्दानी गर्ने अनुमान गरिएको मेला सञ्चालनका लागि रु ३८ खर्च लाग्नेछ । बचत हुने रु ६ लाख ५० हजारको सहारा राहतकोष बनाइने आयोजकले जनाएको छ । कोषबाट असहाय, अशक्त, दीर्घरोगी गरिब तथा जटिल रोगीलाई सहयोग गरिने अध्यक्ष सुनारले बताउनुभयो । मेलामा स्थानीय तथा बाह्य औद्योगिक उत्पादन सेवाको बिक्री, वित्तीय संस्थाको प्रदर्शनी कक्ष, कृषि, जडीबुटी तथा पशुजन्य उत्पादनको प्रदर्शन एवं बिक्री, सूचना प्रविधिसम्बन्धी परामर्श र घरेलु तथा हस्तकलाका सामानको पदर्शनी गरिनेछ । कुश्मिसेरा बजारको सहारा खेल मैदानमा हुने मेलामा वडा स्तरीय खुल्ला पुरुष भलिबल प्रतियोगिता, खुल्ला महिला भलिबल प्रतियोगिता, खुल्ला नौमती बाजा प्रतियोगिता र स्थानीय लोपन्मुख झाँकी प्रदर्शनी गरिनेछ । जैमिनी नगरपालिका-१ का वडाध्यक्ष विष्णुप्रसाद आचार्यले ऐतिहासिक मेलाको प्रबर्द्धन र प्रचारप्रसार गर्दै संस्कृकिको संरक्षणका लागि गर्न थालिएको बताउनुभयो ।


# किसानको सारथी बन्दै सहकारी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १३ मंसिर

देशभरका केहि सहकारीमा समस्या उत्पन्न भएर बचतकर्ताको रकम डुबेको खबर आईरहेको बेला स्याङ्जाको एक सहकारी संस्था भने स्थानीय किसानको सारथी बन्दै आएको छ । सहकारीले कृषिमा व्यवसायीकरण, सामाजिक सामुदायिक कार्यक्रम र क्षमता विकासमा काम गर्दै आउँदा किसानको सारथी बनेको हो ।

जिल्लाको अर्जुनचौपारी गाउँपालिकास्थित ग्रामिण स्वावलम्बन साना किसान कृषि सहकारी संस्थाले कृषिमा व्यवसायीकरण गर्न कम्तिमा २० बाख्रा पालन गर्ने किसानलाई पशु बीमा गराएर खोर व्यवस्थापनामा ५ हजार नगद अनुदान दिदै आएको छ । तरकारी तथा फलफूल र मासुजन्य वस्तु उत्पादन गरेमा बजारीकरणको सुनिश्चिततासँगै किसान पुरस्कृत गर्ने कार्यक्रम गर्दै आएको छ ।

गाउँपालिकाभित्र २ हजार ५ सय शेयर सदस्य रहेको



सहकारीले झण्डै ४ हजार ५ सय किसानलाई सेवा प्रबाह गर्दै आएको छ । कृषिमा आत्मनिर्भर बन्नका लागि भकारो सुधार, पशु नश्ल सुधार कार्यक्रम अर्न्तगत उन्नत जातका बोका र रागाँ व्यवस्थापन गर्दै आएको सहकारीले जनाएको छ । २०५९ मा स्थापित सहकारीले ५० प्रतिशत मासुजन्य लगानीमा २ वटा भैंसी फार्म, ४ वटा बाख्रा फार्म र २ बंगुर फार्म संचालन गर्दै आएको छ । पछिल्लो आर्थिक वर्ष २०७९/०८० मा सहकारीले शेयर सदस्यको २१ पशु क्षतिपूर्ति स्वरुप १ लाख ४५ हजार २ सय रकम उपलब्ध गराएको छ ।

सहकारीले सामाजिक सामुदायिक कार्यक्रममा पुँजी बृद्धि गर्न ऋणको ५ प्रतिशत रकम र ५ प्रतिशत ऋण सुरक्षण कोषको व्यवस्था गरेको छ । महिला सदस्य सुत्केरी हुँदा २ हजार सुत्केरी स्याहार खर्च, सुरक्षण कोष राखेको १ वर्ष पुगेका सदस्यको मृत्यु भएमा १५ हजार उपलब्ध गराउँदै आएको छ । जुन ३४ सदस्यले उपभोग गरेका छन् । कोरोनाको कारणले मृत्यु भएमा क्रिया खर्च वापत २५ हजार नगद उपलब्ध गराउँदै आएको सहकारीका अध्यक्ष बोध नारायण रेग्मीले बताए । शेयर सदस्यहरुको आवश्यकतालाई ध्यानमा राख्दै सहकारीले टोल सफाई अभियान, स्वास्थ्य शिविर, महिला शसक्तिकरण, घरेलु हिंसा न्यूनिकरण, सिप विकासको क्षेत्रमा काम गर्दै आएको सहकारीका अध्यक्ष रेग्मीले बताए । उनका अनुसार शेयर सदस्यको घरमा ९० वर्ष पुगेका बृद्धबृद्धालाई सम्मान कार्यक्रम संचालन गरिएको छ ।

सहकारीले शेयर सदस्यहरुको क्षमता विकासका लागि सुधारिएको चुलो, गोबर परिक्षण शिविर र तालिम संचालन गर्दै आएको सहकारीले जनाएको छ । सहुलियतपूर्ण ऋण उपलब्ध गराएर तरकारी, सुन्तला, कफि खेती, भैसी, बाख्रा र मौरी पालनमा लगानी गर्दै आएको छ । सामुदायिक विद्यालयमा शौचालय, खानेपानी र सिंचाई कुलो निर्माण समेत सहकारीले सहयोग गर्दै आएको छ । १ हजार ५ सय ३२ पुरुष र १ हजार ५ जना महिला शेयर सदस्य रहेको सहकारीले २६ करोड २७ लाख ४१ हजार २ सय २१ रुपैयाँको आर्थिक कारोबार गर्दै आएको सहकारीका प्रबन्धक शालिग्राम काफ्लेले बताए । कृषि, पशु पालनका साथै हामीले बचतको कारोबारले शेयर सदस्यको आर्थिक विकासमा काम गरिरहेको काफ्लेले बताए ।

२ करोड ५६ लाख ९४ हजार ५ सय ६० रुपैयाँको जगेडा कोष बनाएको सहकारीले १ करोड १३ लाख ४१ हजार ४ सय ७४ को पशु बीमा कोष र २० लाख ९७ हजार ९ सय २३ रुपौयाँ बराबरको शेयर सुरक्षण कोष बनाएको छ । करिब १ करोडको लागतमा ३ तलाको १८ कोठे व्यवसायिक भवन संचालन गर्दै आएको छ ।

पशुपालन, फलफूल तथा तरकारी खेती र बचत कारोबारमा सहकारी किसानको सारथी बन्दै आएको स्थानीयले बताए । सहकारी किसानको सारथी बन्दा स्थानीय महिलाहरु आयआर्जनमा जोडिएको यामबहादुर गुरुङ्ले बताए । सहकारीको समन्वयमा उत्पादित वस्तुको बजारीकरणले थप सहजता मिलेको उनले सुनाए ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : मन चञ्चल | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# स्थापनाका ७५ वर्षः विद्यार्थीको रोजाइ बन्दै

**वासुदेव पौडेल र ऋषिराम बराल**
पोखरा, १३ मंसिर



अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थी खोज्दै हिँड्नुपर्ने बाध्यता छ । पोखरा महानगरपालिका-१ पुरानो टुँडिखेलस्थित राष्ट्रिय माध्यमिकमा भने बर्सेनी विद्यार्थी आफैँ विद्यालय रोज्दै भर्ना गरिरहेका छन् ।

विसं २००६ मङ्सिर २० गते स्थापित उक्त विद्यालय पछिल्लो समय गण्डकी प्रदेशकै ऐतिहासिक विद्यालयमध्येको एक मानिन्छ । पछिल्ला केहीवर्षयता यस विद्यालयप्रति विद्यार्थी तथा अभिभावकको आकर्षणका बढिरहेको छ ।

कक्षा १ देखि १० सम्मका लागि बर्सेनि झण्डै तीन सयको सङ्ख्यामा नयाँ विद्यार्थीले आवेदन दिने गरेका विद्यालयका प्रधानाध्यापक ईश्वरीप्रसाद सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार सिमित स्रोत, विद्यालयको क्षमता, पूर्वाधारलगायत कारणले एकसयविद्यार्थीभर्नाबाटवञ्चित हुने गरेका छन् । विद्यालयले बिहानका कक्षा सञ्चालन गर्दा २०६४/६५ सालतिर दुई हजार आठ सयसम्म विद्यार्थी भर्ना गर्ने गरिएको सुनाउँदै प्रअ सापकोटाले हाल एक हजार चार सय ३२ विद्यार्थी अध्ययन गरिरहेका जानकारी दिनुभयो ।

**अंग्रेजी माध्यमबाट निःशुल्क पठनपाठन**

विद्यालयमा हाल प्रारम्भिक वालविकास कक्षा सहयोगी (ईसिडी)देखि कक्षा १२ सम्म ४९ जिल्लाबाट पोखरामा आएर बसोबास गर्ने विद्यार्थी अध्ययनरत रहेका प्रअ सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यालयमा सञ्चालित ईसिडीदेखि कक्षा तीनसम्म 'सेमी मन्टेश्वरी' विधिमार्फत पठनपाठन भइरहेको छ । कक्षा ४ देखि १० सम्म अङ्ग्रेजी माध्यमबाट पूर्ण निःशुल्क रुपमा सञ्चालनमा रहेका बताउँदै प्रधानाध्यापक सापकोटाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अनुशासन, नियमितता र प्रभावकारी शिक्षण सिकाइ तथा अतिरिक्त क्रियाकलाप अन्य सामुदायिक विद्यालयका लागि अनुकरणीय रहेको बताउनुभयो । "हरेक वर्ष यहाँ पढ्न चाहने विद्यार्थीको सङ्ख्या आवश्यकता भन्दा बढी हुँदै गएका छन् । प्रवेशका लागि लिइने प्रवेश परीषामा आउने सङ्ख्या यसको उदाहरण हो", उहाँले भन्नुभयो ।

महानगरभित्रका ईसिडीदेखि कक्षा १० सम्म कुनै शुल्क नलिएर (परीक्षा शुल्क समेत) अङ्ग्रेजी माध्यममा शिक्षण गराउने एकमात्र विद्यालय भएको दाबी गर्दै प्रअ सापकोटाले कक्षा ११ र १२ मा पनि अत्यन्तै सुलभ शुल्कमा प्रायः सबै विषय समूहमा अध्ययन अध्यापन भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार विसं २०५४ देखि प्रातः सत्रमा कक्षा ११ र १२ तथा दिवा सत्रमा ईसिडीदेखि कक्षा १० सम्म पढाइ भइरहेकामा विद्यालयको व्यवस्थापन समितिको निर्णयअनुसार विसं २०७८ देखि सबै कक्षा दिवा सत्रमा सञ्चालन भइरहेका छन् ।

दिवा सत्रमा मात्रै पठपाठन भएकाले विद्यालयका भवन तथा कक्षा कोठाको अभाव हुने गरेको प्रअको भनाइ थियो । उहाँले बिहान प्रार्थना गराउने स्थल, पिउने पानी, हातधुने पानीका धारा, शौचालय, खेलकुद मैदान, चमेना गृह, पुस्तकालय, विज्ञान तथा कम्प्युटर प्रयोगशालालगायत पूर्वाधार थप गर्नुपर्ने अवस्था आएको बताउनुभयो ।

पोखराका ऐतिहासिक शैक्षिक संस्थामा भएका विभिन्न अभिलेखका आधारमा यस विद्यालयको स्थापना विसं २००६ मङ्सिर २० गते पब्लिक मिडिल स्कुलको नाममा भएको थियो । विद्यालयको तत्कालीन सञ्चालक समितिको अध्यक्षमा वडा हाकिम धनशमसेर जबरा, सचिवमा ऋषिकेशव पराजुली, कोषाध्यक्षमा प्रेमराज मुल्मी, सहसचिवमा सुन्दरप्रसाद मर्सानी र सदस्यमा दयाशङ्कर पालिखे र श्यामप्रसाद कर्माचार्य हुनुहुन्थ्यो । विसं २००७ मा विद्यालयले स्थायी स्वीकृति प्राप्त गरेको थियो ।

विद्यालय सञ्चालन गरिएको नारायणस्थानमा भवन निर्माणका लागि जग खन्दा जमिन भासिएपछि पोखरा१ मा भवन निर्माण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामविक्रम राणाले जानकारी दिनुभयो । उहाँका अनुसार तत्कालीन समयमा विद्यालयले चर्चेको जग्गा स्व रत्नाखर पराजुली र उहाँको परिवारको नाममा थियो ।

विद्यालयलाई करिब ७२ रोपनी अमूल्य जग्गा प्रदान गरेर पराजुली परिवारबाट ठूलो योगदान भएको उहाँले बताउनुभयो । विद्यालयको विसं २०१३ मङ्सिर २१ गते तत्कालीन सञ्चालक समिति, श्री ५ को सरकार र अमेरिकी सहायता नियोगबीच भवन निर्माणका लागि सम्झौता भएपछि यस भवन शिलान्यास भएको इतिहास सुरक्षित रहेको राणाले जानकारी दिनुभयो । प्रशासनिकबाहेक अन्य भवनका ढलान प्राविधिक रुपमा जीर्ण भई असुरक्षित देखिएकाले विसं २०६७ टिनका छानाले प्रतिस्थापन गरिएको उहाँले बताउनुभयो ।

**शैक्षिक उपलब्धिमा उत्कृष्ट**

विद्यालयबाट विसं २०११ मा प्रथम पटक एसएलसी परीक्षामा पाँच विद्यार्थी सहभागी भएकामा चार जना उत्तीर्ण भएको अभिलेख रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राणाले जानकारी दिनुभयो । "विसं २०१५ देखि राष्ट्रिय बहुउद्देश्यीय उच्च माविका रुपमा सञ्चालन गरिएको थियो । विसं २०२८ देखि पुनःसाधारण माविको रुपमा आफ्ना शैक्षिक क्रियाकलाप अगाडि बढाएको थियो", उहाँले भन्नुभयो ।

विसं २०३१ को एसएलसी बोर्डमा विद्यालयका दानकुमार प्रधान र शङ्करराज श्रेष्ठले क्रमश : प्रथम र द्वितीय स्थान प्राप्त गर्नुभएको थियो । विसं २०१८ र २०२५ को नतिजामा नेपालकै उत्कृष्ट १० भित्र परेको गौरवमय इतिहास विद्यालयमा सुरक्षित रहेको अध्यक्ष राणाको भनाइ थियो । विसं २०४५ मा पोखराको पहिलो पब्लिक क्याम्पसका रुपमा पोखरा बहुमुखी क्याम्पसको स्थापना यसै विद्यालयमा भएको थियो ।

स्थापनाको ४८औँ वर्षसम्म कक्षा १० सम्म मात्र पढाइ भइरहेकामा विसं २०५४ देखि कक्षा ११ र १२ को पढाइ सञ्चालनमा ल्याएको उहाँले बताउनुभयो । पृथ्वीनारायण क्याम्पस, पोखराले प्रवीणतापत्र तहको अध्यापन खारेज गरेपछि प्रवीणता तह पढ्ने विद्यार्थी झन बढेका उहाँको भनाइ थियो ।

विद्यालयबाट उत्पादित प्रतिभा देशको राजनीतिक, प्रशासनिक, व्यापारिक, साहित्यिक, साङ्गीतिक, औद्योगिक, स्वास्थ्यलगायत विभिन्न क्षेत्रमा पुगेका पूर्वविद्यार्थी एवम् पत्रकार रोहितराज पराजुलीले बताउनुभयो । स्थापनाको ७५औँ वर्ष पुगेको उपलक्ष्यमा यही मङ्सिर २० गतेबाट विद्यालयले विभिन्न कार्यक्रम गरी मनाउने तयारी गरेको व्यवस्थापन समितिका अध्यक्ष राणाले जानकारी दिनुभयो । प्रभातफेरीबाट कार्यक्रमको शुभारम्भ गरी प्रत्येक महिनाका लागि कम्तीमा एक/एक कार्यक्रम गर्ने नीति लिइने उहाँले बताउनुभयो ।

# किसानको हैरानी

**पोखरापत्र संवाददाता**
बेनी, १३ मंसिर

जङ्गली जनावरले बाली नष्ट पार्न थालेपछि पश्चिम म्याग्दीका विभिन्न स्थानका किसान चिन्तित भएका छन् ।

मालिका गाउँपालिकाको निस्कोट, देविस्थान, रुम, डाँडागाउँ र धवलागिरि गाउँपालिकाको मुना, मुदी, गुर्जालगायत गाउँका किसानले लगाएको बाली जङ्गली जनावर बँदेल, बाँदरलगायत जनावरले सखाप पार्दा रातभर जाग्राम बस्न थालेका हुन् । घर भित्र्याउन तयारी अवस्थामा रहेको कोदोबालीलगायत बारीमा लगाएको तरकारी ठूलो संख्यामा आउने जङ्गली जनावरले नोक्सान गर्न थालेपछि किसान बालीको सुरक्षाका लागि खेतबारीमा जाग्राम बस्नु परेको मालिका गाउँपालिका-१ निस्कोटका टेकबहादुर पुनले बताउनुभयो । यसअघि पनि धान, मकै, कोदोलगायत खाद्यान्न बालीमा बथानका-बथान आएर जङ्गली जनावरले बाली नष्ट गरेको र अहिले त्यो क्रम झन बढेर गएको उहाँको भनाइ छ । "जङ्गली जनाबरले गरिखान नदिने भए, साँझ परेपछि ठूलो सङ्ख्यामा आएका जङ्गली जनाबरले खेतबारीमा डुलेर बालीनाली सकिदिन्छन्, गाउँलेलाई रातभरी सुत्नै दिँदैनन्" पुनले भन्नुभयो । "जङ्गली जनाबरलाई भगाउन समूह बनाएर रातभर खेतबारीमा बास बस्छौँ तर, पनि खेती जोगाउन मुस्किल परेको छ", निस्कोटका युवा तपेन्द्र विकले बताउनुभयो । मालिका गाउँपालिका-३ डाँडागाउँ र वडा नं २ रुममा पनि जङ्गली जनाबरले सास्ती दिएको स्थानीय किसानको गुनासो छ । पछिल्लो समयमा यहाँका किसानले रातभर जाग्राम बसेर जङ्ली जनाबर धपाउन बाहेक बाली जोगाउने अन्य विकल्प नरहेको बताएका छन् । पाकेर घरमा भित्र्याउन तयारी अवस्थामा रहेको कोदोबाली, सुन्तला, तरकारीलगायत खेतीमा बँदेलले क्षति पुऱ्याउँदा किसान निकै निराश भएका छन् । "वन फँडानी रोकिएपछि वन क्षेत्र घना हुँदै गएको छ, गाउँ खाली हुँदै गएका छन्, मानिस पनि गाउँमा कम बस्ने र जङ्गलमा जङ्गली जनावरको वृद्धि हुँदै गएपछि आहाराको खोजीमा जनाबर गाउँपस्न थालेका हुन्," मालिका गाउँपालिका-२ रुमका जगबहादुर विकले बताउनुभयो । किसानको क्षतिको सम्बन्धित निकायले कुनै व्यवस्थापन नगरेको किसानको गुनासो छ । "नत जङ्गली जनावरको नियन्त्रण गर्नेतिर चासो छ नत क्षतिको व्यवस्थापनमा स्थानीय सरकारले देखाएका छन्," निस्कोट ओखलढुङ्गा गाउँका तप्तप्रसाद पुनले गुनासो गर्नुभयो । जङ्गली जनाबरले बालीनाली नोक्सान गरेको निवेदन आएका तर क्षतिपूर्तिको बारेमा निर्णय नभइसकेको मालिका गाउँपालिका-१ का वडासदस्य कौशिला पटेलले बताउनुभयो ।

# भिमाद कप पोखराको एलजीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १३ मंसिर

तनहुँको भिमाद नगरपालिका-६ मा आज सम्पन्न खेलमा भिमाद अर्ना कपको उपाधि पोखराको एलजी एशोसिएसनले जितेको छ ।

आयोजक भिमाद युवा क्लब (रातो) लाई पराजित गर्दै एलजीले उपाधि हात पारेको हो । फाइनल खेलको निर्धारित समयमा दुवै टोली गोल गर्नबाट वञ्चित भए ।

अतिरिक्त समयमा पनि गोल हुन पाएन र टुङ्गो ट्राइबेकरबाट लिनुपरेको थियो । ट्राइबेकरमा एलजीले भिमादलाई ४-२ गोलअन्तरले पराजित गरेको हो । एलजी एशोसिएसन तनहुँ ११ लाई सेमिफाइनलमा पराजित गर्दै फाइनल प्रवेश गरेको थियो । त्यस्तै आयोजक भीमाद युवा क्लबले सङ्गम एफसी क्लबलाई पराजित गर्दै फाइनल पुगेको थियो ।

उपाधिसँगै एलजीले रु दुई लाख २२ हजार दुई सय २२ र उपविजेताले रु एक लाख एक हजार एक सय ११ नगद, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे । हरिबोधनी एकादशीको अवसर पारेर सुरु भएको प्रतियोगितामा १२ टोलीको सहभागिता रहेको थियो ।

# 'बाल केन्द्रित नीति बनोस्'

**रासस**
काठमाडौं, १३ मंसिर

नेपालको पहिलो बालअधिकार मुखी संस्था नेपाल बालअधिकार सरोकार केन्द्र (सिविन-नेपाल)ले ३६ वर्ष पूरा गरेको छ । मानवअधिकार र लोकतन्त्र बहालीको आन्दोलनमा सक्रिय जागरुक विद्यार्थीको अगुवाइमा सन् १९८७ मा यो संस्थाको जन्म भएको हो ।

नेपालको संविधान निर्माण प्रक्रियामा बाल सहभागिता सुनिश्चित गर्न सिविन-नेपालले सन् २००७ मा मुलुकभरिबाट दश लाख बालबालिकाको औँठाछाप सङ्कलन गरी उनीहरूका आवाजलाई संविधान सभासम्म पुऱ्याउन नेतृत्वदायी भूमिका खेलेको थियो । त्यसैगरी, सडकसँग सम्बन्धित १३ हजार छ सय ५० बालबालिकालाई यस संस्थाले सफलतापूर्वक पारिवारिक तथा सामाजिक पुनःएकीकरण गराएको थियो भने सन् १९९६ देखि २००६ सम्म मुलुकमा चलेको सशस्त्र द्वन्द्वका बेला सिविन-नेपालले 'बालबालिका शान्ति क्षेत्र हुन्' भन्ने अभियान चलाएको थियो ।

जन्म एउटै कर्म एउटै बाटो एउटै रहेछ !
सबै जना विलिन हुने माटो एउटै रहेछ !!

## हार्दिक समवेदना



जन्मः
वि. स. २०१०/०१/२१ गते

स्वर्गारोहणः
वि.स. २०८०/०८/ ०८ गते

**स्वः होममाया थापा**

तनहुँ जिल्ला घिरिङ गाउँ पालिका वडा नं. २ छानुङ जन्मथलो कोल्डाँडा घर भै हाल पो.म.न.पा.वडा नं. १४ चाउथे कदम मार्ग निवासी पति घिरिङ पोखरा सम्पर्क मञ्चका सदस्य भुवनसिंह थापाका जेष्ठ सुपुत्र यस 1/4th गोर्खा राईफल्स् (जेठी) भू.पू. सैनिक संघ पोखराका सदस्य सु. भक्त बहादुर थापाको ६ भाइ छोराहरु र छोरी माया थापाको ४ बहिनीको ममतामयी माता **होममाया थापा**को ७० वर्षको उमेरमा बुहारीहरु संगिता थापा लगायत ६ जना, ज्वाइँहरु २५ नातिनातिनी र ५ जना पनातीहरुलाई छाडी अकल्पनीय स्वर्गारोहण हुनु भै आज उहाँको ७ औं दिनको शुद्धाशुद्धि पुण्यतिथिको अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि भगवान बुद्धसँग प्रर्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सुवेदार राम प्रसाद गुरुङ** — **सचिव**
**तथा**
**क्या. गम बहादुर गुरुङ** — **अध्यक्ष**

**सम्पूर्ण 1/4th गोर्खा राईफल्स (जेठी) भू.पू. सैनिक संघ पोखरा**

# पर्यटकीय पूर्वाधार बनेपछि बेलढुङ्गामा पर्यटकको आगमन बढ्यो

**पोखरापत्र संवाददाता**
बेनी, १३ मंसिर

म्याग्दी र बागलुङको सिमानामा पर्ने पर्यटकीयस्थल बेलढुङ्गामा आन्तरिक पर्यटकको चहलपहल बढ्दै गएको छ । प्रचारप्रसार तथा पर्यटकीय पूर्वाधार बनेपछि बेलढुङ्गाको भ्रमणमा आउने पर्यटकको सङ्ख्या वृद्धि हुँदै गएको हो । बेनी नगरपालिका-३ भकिम्ली र बागलुङको काठेखोला गाउँपालिका-३ धम्जा ओखलेको सिमानामा अवस्थित बेलुढुङ्गा हिमशृङ्खला र ग्रामीण जनजिवनको अवलोकन गर्ने स्थल मानिन्छ । भकिम्ली र ओखलेका दुवै बस्तीबाट देउराली डाँडासम्म सडकको पहुँच पुगेको र त्यहाँबाट बेलढुङ्गाको 'भ्यू पोइन्ट'सम्म चिटिक्कको पदमार्ग निर्माण भएपछि पर्यटकको आगमन बढ्दो क्रममा रहेको भकिम्लीका स्थानीय रत्न जिसीले बताउनुभयो । उहाँका अनुसार, बेनी नगरपालिका र काठेखोला गाउँपालिकासँगै प्रदेश सरकारको साझेदारीमा बेलढुङ्गा पुग्ने सडक, प्रवेशद्वार, पदमार्ग र भ्यू पोइन्टलगायतका पूर्वाधार निर्माण भएपछि यो क्षेत्र थप चर्चा आएको हो ।

समुद्री सतहदेखि दुई हजार सातसय मिटर उचाइमा रहेको बेलढुङ्गाबाट देखिने सूर्योदय, दर्जन बढी हिमाल र ग्रामीणबस्ती जीवनशैली र भू-बनोटको अवलोकनका लागि आन्तरिक पर्यटकको आगमन उत्साहजनक रहेको भकिम्लीका स्थानीय पृथ्वीबहादुर पुनले बताउनुभयो । यहाँबाट देखिने चुरेन, गुर्जा, धौलागिरि, मानामाथि, नीलगिरि साउथ, नीलगिरि नर्थ, अन्नपूर्ण प्रथम, तिलिचोपिक, बराहशिखर, माछापुच्छ्रे, गङ्गापूर्ण, लमजुङ हिमाल, मनास्लुलगायतका हिमाललाई एकैठाउँबाट अवलोकन गर्न सकिन्छ । बेलढुङ्गामा आउने पर्यटकलाई लक्षित गरेर बागलुङको ओखलेमा होमस्टे सञ्चालनमा रहेको छ भने भकिम्लीको मुसुङ र भुकभुकेमा समेत होमस्टे सञ्चालन गर्ने तयारी गरिएको छ । अहिले म्याग्दीको भकिम्ली र बागलुङको ओखले हुँदै दैनिकरुपमा सयौँ जना बेलढुङ्गाको भ्रमणमा पुग्ने गरेको बेनी नगरपालिका-३ का वडाध्यक्ष पदमबहादुर पुनले बताउनुभयो । उहाँले भकिम्लीको शिरमा रहेको धार्मिक पर्यटकीयस्थल स्वर्गाश्रम र बेलढुङ्गाको एकीकृतरुपमा विकास र प्रचारप्रसार र प्रवर्द्धनमा जुटेको बताउनुभयो । "पूर्वाधारले पर्यटक तानेको छ, यहाँ आएपछि पर्यटक मोहित बनेर फर्कने गरेका छन्, अब पर्यटकलाई यहाँ आएपछि खाना र बसोबासको सहज व्यवस्थापन मिलाउनेतर्फ हाम्रो ध्यान गएको छ, सडकलाई स्तरीकरण गर्ने र होमस्टे सञ्चालन गर्ने योजनालाई हामीले प्राथमिकतामा राखेका छौँ", उहाँले भन्नुभयो ।

हिमाल अगाडि पहाडको थुम्कोमा रहेको एक सय वर्ष पुरानो इतिहास बोकेको स्वर्गाश्रम ऋषिमुनिले तपस्या गरी ज्ञानआर्जन गरेको ठाउँकारुपमा परिचित छ । समुद्री सतहदेखि करिब दुई हजार पाँच सय मिटर उचाइमा अवस्थित स्वर्गाश्रम प्राकृतिकरुपमा रमणीय र धार्मिक ऐतिहासिक महत्व बोकेको छ । यस क्षेत्रमा पछिल्लो समय प्रदेश र स्थानीय सरकारको सहयोगमा पदमार्ग, घेराबार, आश्रमस्थल मर्मत, भान्साघर निर्माण, प्रवेशद्वार निर्माणले चिटिक्क देखिएको छ । आश्रममा १२ वर्षसम्म तपस्या गरी बस्नुभएकी इन्दिरा माताको नेतृत्व र स्थानीयको पहलमा केही वर्ष अगाडि सञ्चालित महायज्ञबाट सङ्कलन भएको दान रकमबाट गणेश मन्दिर, पानी जम्मा गर्ने कुवा, आश्रम घर र तीर्थालु बस्ने सत्तल निर्माण गरिएको छ ।